नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ८४

मितिः२०८२/०५/१०

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै) ।

विषयः फैसला / आदेश कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. २०८२/०८३, च.नं. फै.का./७१२/७००, मिति २०८२/०५/०६ को **फैसला / आदेश कार्यान्वयन सम्बन्धी** पत्र साथ रिट निवेदक पुरानो प्लाष्टिक व्यवसायी संघ केन्द्रिय कार्यालयको अख्तियार प्रास ऐ. संघको अध्यक्ष राजेश आचार्य र विपक्षी चन्द्रागिरी नगरपालिकाको कार्यालय काठमाडौं समेत भएको रिट नं. ०७५-WO-०२९१, ०३८१ को उत्प्रेषणसमेतको रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतवाट भएको आदेशको छायाँ प्रति यसै साथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः-</u>

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

कानून तथा फैसला कार्यान्वयन महाशाखा, सिंहदरवार ।

श्री सूचना प्रविधि शाखा, सबै गाउँ/नगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा अपलोड गरिदिनु हुन ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## कानून तथा फैसला कार्यान्वयन महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०८२/८३
च.नं.:- फै.का./७१२/600

मितिः २०८२/०५/०६
ने.सं. ११४५

श्री संघीय मामिला महाशाखा

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषयः <u>फैसला/आदेश कार्यान्वयन सम्बन्धमा ।</u>

रिट निवेदक पुरानो प्लाष्टिक व्यवसायी संघ केन्द्रीय कार्यालयको अख्तियार प्राप्त ऐ. संघको अध्यक्ष राजेश आचार्य र विपक्षी चन्द्रागिरि नगरपालिकाको कार्यालय, काठमाडौंसमेत भएको रिट नं ०७५-WO-०२९१, ०३८१ को उत्प्रेषणसमेतको रिट निवेदनमा एउटा स्थानीय तहले एकपटक कवाडी कर लिएपछि अर्को स्थानीय तहले पुनः सोही कवाडी कर लिन नपाउने व्यवस्था गर्नको लागि सम्मानित सर्वोच्च अदालतबाट मिति २०८१/०५/३१ मा"..... **एक स्थानमा कवाडी कर भुक्तानी भएको रेकर्ड र त्यसको जानकारी सम्बन्धित बाटो/रुटमा पर्ने स्थानीय तहहरुलाई अग्रीम रुपमा जानकारी गराउने, जारी भएको रसिद/विजक बमोजिमका मालसामानहरु सवारी साधनमा रहने अवधि, सवारी साधनको नम्बर, चालकले कर भुक्तानी गरेको रसिद, सामग्रीको वजनको सम्बन्धमा स्थानीय तहहरु उपयुक्त हुने गरी कर प्रणालीको विकास गर्न"** भनी भएको आदेश कार्यान्वयन गर्ने सन्दर्भमा यस कार्यालयमा रहेको फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८२/०५/०२ को बैठकले फैसला बमोजिम कबाडी कर लिंदा दोहोरो नपर्ने गरी लिने व्यवस्थाको लागि सबै स्थानीय तहमा परिपत्र गर्न तहाँ मन्त्रालयमा पठाउने निर्णय गरेकोले सो बमोजिम सबै स्थानीय तहमा परिपत्र गरी सोको जानकारी फैसला कार्यान्वयन निर्देशनालय र यस कार्यालयलाई समेत दिनुहुन उक्त आदेशको प्रतिलिपि (पाना थान-१३) यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

२०८२/०५/०६
(सुनिता अधिकारी)
शाखा अधिकृत (कानून)

<u>बोधार्थः</u>
श्री फैसला कार्यान्वयन निर्देशनालय,
बबरमहल, काठमाडौं।

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

माननीय न्यायाधीश श्री सुनिल कुमार पोखरेल

फैसला

०७५-WO-०२९१

मुद्दाः- उत्प्रेषण, परमादेश, प्रतिषेध लगायत उपयुक्त आदेश जारी गरिपाऊँ

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १२ टेकु स्थित पुरानो प्लाष्टिक व्यवसायी संघ केन्द्रीय कार्यालयको काठमाडौं अख्तियार प्राप्त ऐ. संघको अध्यक्ष काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३४ बस्ने राजेश आचार्य ..........................................................१ निवेदक

विरुद्ध

काठमाडौं जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं. १२ बलम्बु स्थित चन्द्रागिरि नगरपालिकाको कार्यालय चन्द्रागिरि काठमाडौं ..................१ विपक्षी

चन्द्रागिरि नगरपालिकाको मेयर घनश्याम गिरी ..............................१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः-

निवेदनको तथ्यगत व्यहोरा

१. पुरानो प्लाष्टिक व्यवसायी संघ काठमाडौं महानगरपालिकामा दर्ता भई विधिवत संचालन भईरहेको पुरानो प्लाष्टिक तथा कचरा व्यवसायीहरुको छाता संगठन तथा संस्था हो।

यो संस्थामा आवद्ध सदस्य व्यवसायीहरुले काठमाडौं महानगरपालिका भित्र पुरानो
प्लाष्टिक (कचरा) संकलन गरी प्रसोधन प्रयोजनको लागि छिमेकी देश भारतमा ढुवानी
गर्ने व्यवसाय गर्दै आइरहेका छन्। काठमाडौं महानगरपालिका भित्रको फोहोर प्लाष्टिक
संकलन गरी ढुवानी गरी विरगंज लाने क्रममा विपक्षी चन्द्रागिरि नगरपालिकाले बाटोमा
ढाट राखी जोर जबरजस्ती गरी हाम्रो संघका सदस्य व्यवसायी सुनिल मुखिया विनको
फर्म खुश्बु कबाडी ट्रेडर्सको ना.५.ख. ८५६० नम्वरको ट्रकलाई रोकी मिति
२०७५।०५।०३ गते प्रति किलोग्राम रु. १ को दरले रु. २३२५।- (दुई हजार
तिन सय पचीस मात्र) र सन्तोष स्क्रेप सप्लायर्सबाट मिति २०७५।५।५ गते प्रचलित
कानून विपरित कर लगाई रकम असुल्ने गरेकोमा हामी निवेदकले नगरपालिकाबाट
कर उठाउने निर्णय वा लागु गरेको कानून माग गर्दा नदिएको र नगरपालिकाको
मेयरको मौखिक आदेशमा जबरजस्ती कर संकलन गर्ने कार्य गरी रहेको भन्दै आएका
छन्। विपक्षी नगरपालिकाको कर उठाउने कार्य निवेदक संघको प्रत्यक्ष सरोकार र
सार्वजनिक सरोकार विषयमा समेत पर्दछ। यसरी चन्द्रागिरि नगरपालिका र ऐ.
नगरपालिका मेयरको मिलोमतोमा पुरानो प्लाष्टिक (कचरा) र कबाडी सामानमा लगाएको
करले निवेदक संघसंग आवद्ध व्यवसायीको व्यवसाय गर्ने हक हनन गरि रहेको हुँदा
विपक्षीले लगाई रहेको कर पुरानो प्लाष्टिक (कचरा) नलगाउनु, नउठाउनु, निर्विवाद
कचरा पुरानो प्लाष्टिक ढुवानी गर्न दिनु, दिलाउनु र कानून विपरित उठाई सकेको
करको रकम व्यवसायी तथा व्यवसायी संस्थालाई फिर्ता गर्नु भनी विपक्षीको नाउँमा
परमादेश जारी गरि विपक्षी नगरपालिकामा व्यवसाय नै नरहेको व्यवसायी तथा संस्था
उपर व्यवसाय कर लगाउने निर्णय वा पत्राचार गरेको भएमा सो निर्णय उत्प्रेषणको
आदेशले वदर गरि भविष्यमा पनि सो कार्य गर्ने प्रवल सम्भावना रहेकोले गरी कानून
विपरित कर नउठाउनु भनी प्रतिषेध लगायत उपयुक्त आदेश जारी गरिपाऊँ भन्ने समेत
व्यहोराको रिट निवेदन।

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने
हो? आदेश जारी हुनु नपर्ने भए आधार र कारण सहित यो आदेश प्राप्त भएका मितिले

बाटाका म्याद बाहेक १५ दिनभित्र आफू वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु। अन्तरिम आदेश समेतको माग गरेको सम्बन्धमा विचार गर्दा, दुबै पक्ष बीच छलफल गरी टुङ्गोमा पुग्न उपयुक्त देखिदा मिति २०७५।६।१४ गते छलफलको तारेख तोकी सो को सूचना विपक्षीहरुलाई दिई नियमानुसार पेश गर्नू भन्नेसमेत व्यहोराको मिति २०७५।०५।२९ मा यस अदालतबाट भएको आदेश।

३. चन्द्रागिरि नगरपालिका कार्यालयले कुनै गैरकानूनी कर उठाएको छैन। करको दायरा भित्र नरहेका कुनै संघ, संस्था तथा व्यक्तिलाई कर लगाउने कुनै निर्णय वा पत्राचार समेत गरेको छैन। विपक्षीले आफ्नो निवेदन पत्रमा कचराको कर संकलन गर्ने अधिकार कुनै स्थानीय निकायलाई छैन भनी उल्लेख गर्नु भएको व्यहोरा झुट्ठा हो। नेपालको संविधानको धारा २२६ ले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून बनाउन सक्ने अधिकार स्थानीय तहलाई दिएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यवसाय कर लगाउन पाउने कानूनी व्यवस्था छ। सोही ऐनको दफा ६१ मा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कबाडी माल वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे बापत नगरपालिकाले कबाडी कर लगाउन पाउने प्रष्ट क़ानूनी व्यवस्था छ। विपक्षीले उल्लेख गर्नु भएको कानूनी दफामा नगरपालिकाले कर लगाउन नपाउने भन्ने व्यवस्था कहिं कतै उल्लेख छैन। नेपालको संविधान तथा संघीय कानूनको अधिनमा रही चन्द्रागिरि नगरपालिकाले स्थानीय कानून बनाएको छ। चन्द्रागिरि नगरपालिकाको नगरसभाले पारित गरेको चन्द्रागिरि नगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा ६ मा कबाडी कर सम्बन्धी व्यवस्था छ। कबाडी वस्तुको व्यवसायिक कारोबार गरे बापत अनुसूची ५ मा कबाडी करको दररेट उल्लेख छ। कुन कुन कबाडी सामानको कारोबार गरे बापत कुन दररेटमा कर तिर्नु पर्ने भन्ने कुरा अनुसूची ५ ले व्यवस्था गरेको छ। सोही कानूनी व्यवस्थाको अधिनमा रही कर लगाएको विषयमा विपक्षीले कर नउठाउनु भनी कुनै

आदेश माग गर्न मिल्ने अवस्था नभएको हूँदा चन्द्रागिरि नगरपालिका कार्यालयले कुनै
गैर कानुनी कर नउठाएको, करको दायरा भित्र नरहेका कुनै संघ, संस्था तथा व्यक्तिलाई
कर लगाउने कुनै निर्णय वा पत्राचार समेत नगरेको तथा यस नगरपालिकाले भविष्यमा
समेत बिना आधार कुनै कर लगाउने सम्भावना रहेको नहुँदा विपक्षीको रिट निवेदन
खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको चन्द्रागिरि नगरपालिकाको कार्यालय तथा नगरप्रमुख
घनश्याम गिरीको लिखितजवाफ।

४. यसमा विपक्षीहरुबाट लिखित जवाफ परी सकेकोले पूर्ण सुनुवाईको लागि नियमानूसार गरी पेश गर्नु भन्ने समेत व्यहोराको मिति २०७५।०७।११ मा यस अदालतबाट भएको आदेश।

५. यसमा दुवै पक्षका कानून व्यवसायी मार्फत लिखित बहस नोट पेस गर्न लगाई नियमानूसार पेश गर्नुहोला भन्ने समेत व्यहोराको मिति २०७८।११।२२ मा यस अदालतबाट भएको आदेश।

६. मेरो पक्ष रिट निवेदकहरु काठमाडौं महानगरपालिका क्षेत्रभित्र उत्पन्न फोहोर प्लाष्टिक संकलन गर्ने व्यवसाय गरी, काठमाडौं महानगरपालिकाको कानून बमोजिम व्यवसायिक कर तिर्दै बुझाउदै आएका छौं। नेपालको संविधानको धारा २२८, २३६ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८, ६१ र नेपाल सरकार (सचिवस्तरीय) मिति २०७५।५।२७ गतेको निर्णय अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।५।२९ पत्राचार समेतको आधारमा चन्द्रागिरि न.पा.लाई निजको (आफ्नो) क्षेत्र बाहिर व्यवसाय गरेको मेरो पक्षसंग कर उठाउने अधिकार छैन। विपक्षी नगरपालिकाले व्यवसायी नै नरहेको मेरो पक्ष व्यवसायी तथा संस्था उपर व्यवसाय कर लगाउने निर्णय वा पत्राचार उत्प्रेषणको आदेशले बदर गरी भविष्यमा सो गैरकानूनी कर तिराउने प्रवल संभावना रहेकोले कानून विपरित कर नउठाउनु भनी प्रतिषेध, विपक्षीले कानून विपरित उठाई सकेको करको रकम मेरो पक्षलाई फिर्ता गर्नु भनी विपक्षीको नाउँमा परमादेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको निवेदक तर्फबाट पेश भएको बहसनोट।

७. यसमा व्यवसाय कर उठाउने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७५।५।२९ मा स्थानीय तहलाई गरेको परिपत्रसँग सम्बन्धित मिति २०७५।५।२७ को नेपाल सरकार (सचिवस्तर)को निर्णय मिसिल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट झिकाई प्राप्त भएपछि लगाउका निवेदन नं. ०७५-WO-०३८१ र ०७५-MS-०००८ साथै राखी नियमानुसार पेस गर्नुहोला भन्नेसमेत व्यहोराको मिति २०७८।१२।२९ मा यस अदालतबाट भएको आदेशानुसार उल्लिखित मिसिलहरु साथै रहेको।

## यस अदालतको ठहर

८. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा तथा विद्वान् अधिवक्ता श्री युबराज बन्जाडेले निवेदकहरुले चन्द्रागिरि नगरपालिका भित्र कबाडी व्यवसाय संचालन गरेको होइन। चन्द्रागिरि नगरपालिका अन्तर्गत पर्ने राष्ट्रिय राजमार्गको प्रयोग गरी कबाडी मालवस्तुको ढुवानी सम्म गरेको हो। यसरी वस्तुको एक स्थानबाट अर्को स्थानमा ढुवानी गर्ने क्रममा आउने प्रत्येक स्थानीय तहमा कर बुझाउने हो भने व्यापार व्यवसाय गर्ने अवस्था नै रहदैंन। नेपालको संविधानको धारा २३६ को अभिप्राय समेत प्रदेश तथा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानीमा कुनै किसिमको बाधा अवरोध नगरी कर, शुल्क, दस्तुर वा महसुल लगाउन पाइने छैन भन्ने रहेको छ। संविधानको मर्म विपरित स्थानीय तहले यसरी चन्द्रागिरि नगरपालिका भित्र व्यवसाय नै संचालन नभएको कबाडी व्यवसायीहरुबाट कबाडी मालवस्तुको ढुवानीको क्रममा कबाडी कर लगाएको कार्य रोकी व्यापार व्यवसायीलाई सहज बनाउनु पर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

९. प्रत्यर्थीहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री बद्रीराज भट्टले मेरो पक्षले निवेदकहरुसँग उठाएको कर कानून अनुकुल नै रहेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ ले नगरपालिका तथा गाउँपालिकाले व्यवसाय कर तथा दफा ६१ ले कबाडी कर उठाउन सक्ने व्यवस्था रहेको छ भने नेपालको संविधानले

स्थानीय तहलाई कानून बनाउन सक्ने अधिकार समेत प्रदान गरेको छ। यसरी संविधानले नै प्रदान गरेको अधिकार बमोजिम चन्द्रागिरि नगरपालिकाले आर्थिक ऐन, २०७५ बनाई कर उठाएको कार्य कानून बमोजिम नै रहेको हुँदा रिट निवेदन खारेज गरिनुपर्दछ भनी बहस गर्नुभयो।

१०. यसमा कबाडी मालवस्तु ढुवानी गर्ने क्रममा चन्द्रागिरि नगरपालिकाले कबाडी सामानमा कर लगाएकोले व्यवसायीको व्यवसाय गर्ने हक हनन भएको हुँदा उक्त कर नलगाउनु, नउठाउनु, कानून विपरित उठाई सकेको कर व्यवसायीलाई फिर्ता गरिदिनु र भविष्यमा पनि सो कार्य गर्ने प्रवल सम्भावना रहेकोले गरी कानून विपरित कर नउठाउनु भनी प्रतिषेध लगायत उपयुक्त आदेश जारी गरिपाऊँ भन्ने निवेदन दाबी र कानून बमोजिम बाहेक चन्द्रागिरि नगरपालिकाले कुनै गैरकानूनी कर नउठाएको, करको दायरा भित्र नरहेका विषयमा कर लगाउने कुनै निर्णय वा पत्राचार समेत नगरेको तथा भविष्यमा समेत बिना आधार कुनै कर लगाउने सम्भावना नरहेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रत्यर्थीको लिखित जवाफ देखिन्छ ।

११. उल्लिखित तथ्य भएको प्रस्तुत रिट निवेदनमा दुवैतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको तर्कपूर्ण बहस जिकिरसमेत सुनी रिट निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

१२. अब निर्णयतर्फ विचार गर्दा, यसमा यी निवेदकहरुले संकलन भई आएका कबाडी मालवस्तु चन्द्रागिरि नगरपालिका भित्र पर्ने राष्ट्रिय राजमार्ग हुँदै भारत ढुवानी गर्ने क्रममा चन्द्रागिरि नगरपालिकाले व्यवसायी उपर कर लगाउने गरी गरिएको निर्णय तथा नगरपालिकाले ढाँट थापी कर असूल गरेको हुँदा उक्त कार्य बदर गरी उठाईसकेको कर व्यवसायीलाई फिर्ता गरी भविष्यमा समेत कर नउठाउन आदेश जारी गरिपाऊँ भन्ने निवेदनको मुख्य दावी रहेको देखिन्छ। यस सम्बन्धमा नेपालको संविधानको धारा २३६ मा अन्तर प्रदेश व्यापार सम्बन्धी व्यवस्था रहेको पाइन्छ। उल्लिखित व्यवस्थालाई दृष्टिगत गर्दा "यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी

वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन" भन्ने व्यवस्था रहेको देखिन्छ। यस व्यवस्थाले कुनै एक स्थानीय तह वा प्रदेशको उत्पादकले अर्को स्थानीय तह वा प्रदेशमा आफ्नो उत्पादन बेच्न, सेवाको विस्तार वा वस्तुको ढुवानी गर्दा कुनै प्रकारको अतिरिक्त शुल्क, दस्तुर वा महसूल लिन तथा ढुवानी प्रक्रियामा कुनै किसिमको बाधा अवरोध गर्न पाइने छैन भन्ने रहेको देखिन्छ। यस परिवेशमा प्रदेश र स्थानीय तहहरूबीच हुने व्यापार र सेवाको सञ्चालनमा कुनै प्रकारको सीमा र अवरोध नगरी व्यापार व्यवसायलाई सहजीकरण गरी थप प्रोत्साहन गर्न खोजिएको देखिन्छ।

१३. यद्यपि संघीय संरचनामा विभिन्न प्रदेश र स्थानीय तहहरू स्वतन्त्र र अधिकार सम्पन्न हुने गर्दछन्। स्वतन्त्र र अधिकार सम्पन्न संघीय इकाइहरुले आफ्नो अधिकारको प्रयोग नेपालको संविधान तथा कानूनी व्यवस्था अनुरुप गर्नुपर्ने हुन्छ। अधिकारको प्रयोग सम्बन्धमा नेपालको संविधानको धारा ५६(२) बमोजिम नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्ने छन् भन्ने व्यवस्था समेत रहेको पाइन्छ। यसैगरी, धारा ५७ मा उक्त राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले कुन कुन विषय/शीर्षकमा निहित भई गर्ने भन्ने सम्बन्धी व्यवस्था रही राज्यशक्तिको बाँडफाँड गरिएको देखिन्छ। सोही धारा ५७ को उपधारा (४) मा संविधानको अनुसूची ८ मा निहित रहेका विषयहरुमा स्थानीय तहको अधिकार हुने र उक्त अधिकारको प्रयोग समेत संविधान, गाउँ सभा र नगर सभाले बनाएको कानून बमोजिम हुनेछ भनी निर्देश गरेको देखिन्छ। यसैगरी अनुसूची ८ मा उल्लिखित स्थानीय तहहरुको अधिकारको सूचीमा समावेश भएका विषयहरुमा धारा २१४(२) बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार, धारा २१२(२) बमोजिम स्थानीय तहको व्यवस्थापकीय अधिकार र धारा २६१(१) बमोजिम कानून बनाउन सक्ने अधिकार समेत स्थानीय तहलाई हस्तान्तरण गरेको देखिन्छ। यसबाट स्थानीय तहको अधिकारको

सूची अन्तर्गतका विषयहरुमा स्थानीय तहले व्यवस्थापकीय अधिकारको प्रयोग गरी कानून बनाई कार्यकारिणी अधिकारको प्रयोगबाट सोको कार्यान्वयन समेत गर्न सक्ने नै देखिन्छ।

१४. यसैगरी स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कानून बनाउन सक्ने व्यवस्थालाई विचार गरी हेर्दा नेपालको संविधानको भाग १९ मा रहेको स्थानीय आर्थिक कार्यप्रणाली अन्तर्गत रहेको धारा २२८(२) मा "स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ" भन्ने प्रावधान रहेको देखिन्छ। उल्लिखित व्यवस्थाहरुबाट नेपालको संविधानले संघीयता प्रणालीमा स्थानीय तहलाई एक विशिष्ट अधिकार र जिम्मेवारी दिएको देखियो, जस अन्तर्गत स्थानीय तहको आफ्नो अधिकार क्षेत्रभित्रका विषयहरूमा कानून बनाउने र कर उठाउने अधिकार समेत रहेको देखियो। यसप्रकार संघीय र प्रदेश सरकारका अधिकार क्षेत्रसँग विरोधाभास नगरी छिमेकी प्रदेश वा अन्य स्थानीय तहलाई प्रतिकूल असर नपार्ने कुरा समेत सुनिश्चित गरी स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, सांस्कृतिक र प्रशासनिक गतिविधिहरूको नियमन गर्न सक्ने नै देखिन आयो। साथै समग्र राष्ट्रिय आर्थिक नीतिका सिद्धान्तहरूलाई ध्यानमा राखी आर्थिक वृद्धिका लक्ष्य तथा योजनालाई समर्थन हुने गरी स्थानीय तहले आफ्नो क्षेत्रभित्र आर्थिक नीति र कर व्यवस्थापन गर्न सक्ने अधिकार स्थानीय तहमा नै निहित रहेको देखियो।

१५. प्रस्तुत सन्दर्भमा नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्नको लागि निर्मित स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१[1]

---

[1] स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ जडीबुटी, कबाडी र जीवजन्तु कर : गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कबाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत गाउँपालिका तथा नगरपालिकाले जडीबुटी, कबाडी तथा जीवजन्तु कर लगाउनेछ ।

मा गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कबाडी माल वस्तुको व्यवसायिक उपयोग गरे वापत गाउँपालिका तथा नगरपालिकाले कबाडी कर लगाउनेछ भन्ने व्यवस्था उल्लेख भएको देखिन्छ। माथि उल्लिखित संविधानको धारा २२८(२) ले स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा वस्तु तथा सेवाको ओसारपसार गर्दा कानून बनाई कर लगाउन सक्ने व्यवस्था देखिएको र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ बमोजिम समेत स्थानीय तहले कबाडी माल वस्तुको व्यवसायिक उपयोग गरे वापत कर लगाउने भन्ने व्यवस्था रहेको देखिएबाट कुनै पनि कबाडी मालवस्तुको व्यवसायिक उपयोग गरे वापत स्थानीय तहले कर संकलन गर्न सक्ने स्थानीय तहको संवैधानिक तथा कानुनी अधिकार नै रहेको देखियो।

१६. यसै सन्दर्भमा कुनै वस्तु, सेवा वा स्रोतको प्रयोग गरि आम्दानी गर्ने उद्देश्य राखेर व्यवसाय संचालन वा कारोबार गर्नुलाई व्यवसायिक उपयोग भनेर बुझ्न सकिन्छ। यस अवस्थामा संकलन भएका कबाडी मालवस्तुको व्यापारिक प्रयोजनको लागि एक ठाउँबाट अर्को ठाउँमा ढुवानी गरिने कार्य समेत व्यवसाय कारोबार भित्र पर्ने देखिन्छ। कबाडी मालवस्तुको ढुवानी गर्ने कार्य भनेको पनि व्यापार व्यवसायको एक आवश्यक अंशको रुपमा रहेको हुँदा वस्तु ढुवानी गर्ने कार्य व्यापारिक कार्य होइन भनी अर्थ गर्न समेत मिल्ने देखिदैन।

१७. कर प्रणालीको सर्वमान्य सिद्धान्त कानून नबनाई कर लगाउन नपाइने भन्ने हो। यसै सिद्धान्त अनुरुप स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५४ मा कानून बमोजिम बाहेक कर लगाउन, उठाउन वा ऋण लिन नपाउने भन्ने व्यवस्था रहेको देखिन्छ भने ऐ. ऐनको दफा १०२(१)मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्नेछ भनी स्थानीय कानून बनाउने अधिकार प्रदान गरेको देखिन्छ। उल्लिखित ऐनले दिएको अधिकारको प्रयोग गरी चन्द्रागिरि नगरपालिकाबाट चन्द्रागिरि नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७५ जारी भएको देखिन्छ। उक्त ऐनको दफा ६ मा "जडीबुटी, कबाडी र जीवजन्तु कर सम्बन्धी व्यवस्था रही चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र कुनै

व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कबाडी माल र अन्य मृत वा मारिएका
जीवजन्तुको हाड, सिङ, प्वाखा, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत
अनुसूची (५) बमोजिमको कर लगाइ असुल उपर गरिनेछ। तर प्रचलित कानूनले निषेध
गरिएकाको हकमा भने उल्लिखित व्यवस्था लागू हुने छैन" भन्ने कानूनी व्यवस्था रहेको
देखिन्छ र सोही ऐनको अनुसूची ५ मा रहेको क्र.स. ५.२ मा कबाडी मालवस्तुहरुको
करको दररेटको सूची समेत निर्धारण भएको देखिन्छ।

१८. यसरी संविधान तथा कानूनले प्रदान गरेको अधिकार बमोजिम स्थानीय तह चन्द्रागिरि
नगरपालिकाले जारी गरेको आर्थिक ऐनको कार्यान्वयन गर्ने क्रममा यी निवेदकहरुबाट
चन्द्रागिरि नगरपालिकाले कबाडीको मालवस्तुको ढुवानी गर्ने क्रममा कर संकलन गरेको
कार्य कानून विपरित रहेको छ भनी मान्न मिल्ने देखिन आएन। चन्द्रागिरि नगरपालिकाले
नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐनले प्रदान गरेको अधिकारको प्रयोग
गरी आफ्नो क्षेत्राधिकार अन्तर्गतको विषयसँग सम्बन्धित रहेर आर्थिक ऐन निर्माण गरी
सोको कार्यान्वयन गरी कर संकलन गरेको कामकारबाही कानूनबमोजिम नै भए गरेको
देखिएको स्थितिमा सोबाट रिट निवेदकको कुनै संवैधानिक वा कानून प्रदत्त हक
अधिकारमा आघात पुगेको भनी मान्न मिल्ने अवस्था देखिएन।

१९. यस सम्बन्धमा संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १९ मिति
२०७५।५।२९ को नयाँ उत्पादित फलामका सामानमा निकासी कर महसुल तथा
दस्तुर लिन नमिल्ने विषयक पत्रानुसार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा
६१ बमोजिम कबाडी कर लगाउँदा कबाडी मालवस्तु उत्पत्ति र संकलन भएको
गाउँपालिका र नगरपालिकाले एक पटक मात्र कर लिन पाउने र कबाडी मालवस्तुको
प्रयोग गरी उत्पादित वस्तुमा कबाडी कर लिन नपाउने गरी आवश्यक व्यवस्था मिलाउन
विरगंज महानगरपालिका तथा अन्य सबै स्थानीय तहलाई समेत लेखी पठाउनु भनी
नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७५।५।२७ मा निर्णय भएकोले सोही
बमोजिम गर्नु गराउनु भनी पत्राचार भएको देखिन्छ। यस पत्रबाट दफा ६१ बमोजिमको
कबाडी कर गाउँपालिका र नगरपालिकाले एक पटक मात्र लिन पाउने देखिन्छ। एक
पुरानो प्लाष्टिक व्यवसायी सं...

पटक कुनै नगरपालिका वा गाउँपालिकालाई कर बुझाई सकेको अवस्थामा यस किसिमको कर अन्य गाउँपालिका वा नगरपालिकालाई पुनः बुझाउनु पर्ने देखिन्न। यसरी उल्लिखित कानून र मन्त्रालयको पत्र समेत अनुसार दोहोरो कर लगाउन र उठाउन नपाउने भन्ने स्पष्ट देखिन्छ। तर प्रस्तुत मुद्दामा यी निवेदकले निवेदनसाथ खुस्रु कबाडी ढुवानीको सम्बन्धमा आन्तरिक राजस्व विभागको च.नं. ११४ मिति २०७५।५।१ मा जारी भएको आर्थिक वर्ष २०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गरेको देखिएता पनि निवेदकले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ बमोजिम कबाडी कर कुनै स्थानीय तहमा बुझाएको भन्ने प्रमाण निवेदन साथ पेश गरेको देखिँदैन। यसरी व्यवसाय संचालन भएको स्थान अन्तर्गतको नगरपालिका वा गाउँपालिकालाई कानूनले नै निर्दिष्ट गरे बमोजिमको स्थानीय कर बुझाएको नदेखिएको अवस्थामा चन्द्रागिरि नगरपालिकाले कबाडी सामानहरुको ढुवानीको समयमा उठाएको करलाई दोहोरो कर भनी व्याख्या गर्न मिल्ने देखिएन। यसप्रकार कुनै पनि गाउँपालिका वा नगरपालिकामा दफा ६१ बमोजिमको कर बुझाएको भन्ने नदेखिएको अवस्थामा चन्द्रागिरि नगरपालिकाले निवेदकको कबाडी मालवस्तुमा कर लगाएको कानून अनुरुप नै देखिन आयो।

२०. तसर्थ, माथि उल्लिखित आधार, कारण तथा कानूनी व्यवस्थाका आधारमा कबाडी व्यवसायीहरुले कुनै गाउँपालिका वा नगरपालिकामा कबाडी कर बुझाएको वस्तुनिष्ठ प्रमाण पेश गर्न नसकेको अवस्थामा कबाडी सामान सोही गाउँपालिका वा नगरपालिका भित्रै उत्पादन र संकलन गरिएको हो भनी मानी आफ्नो नगरपालिका भित्रबाट कबाडी मालवस्तुको ढुवानी गर्ने क्रममा कबाडी सामानको किसिम तथा तौलको आधारमा कर संकलन गरेको कार्य कानून विपरित रहेको भन्ने नदेखिएकोले निवेदन माग बमोजिम आदेश जारी गर्नुपर्ने विद्यमानता देखिएन। निवेदकहरुको प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

२१. प्रस्तुत रिट निवेदन खारेज हुने ठहरे तापनि मालवस्तु सामान एक स्थानबाट अर्को स्थानमा ढुवानी गर्दा बाटो/रुटमा विभिन्न स्थानीय निकायहरु आइपर्ने, प्रत्येक स्थानीय

तहले यस किसिमका कर उठाउँदा करको भार बढ्न गई व्यापार व्यवसायमा गिरावट आउने र अन्तत्व उपभोक्तालाई नै वस्तु/सेवाको मूल्य बढी व्यापार व्यवसायमा दीर्घकालीन रुपमा नकरात्मक असर पर्ने भएतर्फ यो इजलाशको गम्भीर ध्यानाकर्षण भएको छ। यसरी प्रत्येक स्थानीय तहहरुमा कर बुझाउनु पर्ने भएमा यसले व्यापार व्यवसायमा अनिश्चितता र अस्थिरता निम्त्याउने देखिन्छ। नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७५ ले गाउँपालिका र नगरपालिकालाई प्रदान गरेको अधिकारको अभिप्राय हरेक स्थानीय तहमा पटक पटक कर बुझाउनु पर्ने भन्ने नदेखिंदा पालिका पिच्छे कर लगाउने काम संविधान तथा कानून सम्मत नहुने देखिन्छ। दफा ६१ बमोजिमको कबाडी कर स्थानीय तहले एक पटक मात्र लिन पाउने र नेपाल राज्य भित्र कुनै एक नगरपालिका वा गाउँपालिकालाई एक पटक कर बुझाई सकेको अवस्थामा यस किसिमको कर अन्य स्थानीय तहलाई पुनः बुझाउनु पर्ने होइन। यदि कुनै व्यवसायीले व्यवसाय भएको स्थानमा उल्लिखित कर बुझाउन छुट भएको रहेछ भने मालवस्तु ढुवानीको क्रममा सो स्थान भन्दा बाहेकका अन्य स्थानीय निकायले उक्त छुट भएको कर असूल गरी लिन नसक्ने वा व्यवसायीले त्यस्तो कर तिर्न बुझाउनुबाट उन्मुक्ति पाउने भन्ने समेत होइन। यस परिस्थितिलाई विचार गर्दा ऐनको दफा ६१ बमोजिमको कबाडी कर यदि कुनै गाउँपालिका वा नगरपालिकामा स्थानीय स्तरमा नबुझाएको देखिएमा मालवस्तु सामानको ढुवानी गर्ने क्रममा बाटो/रुटमा आईपर्ने विभिन्न स्थानीय तह मध्ये कुनै एक स्थानीय तहको कुनै एक ठाउँमा मात्र कर बुझाउने गरी कानून निर्माण गर्न उपयुक्त हुने देखिन्छ। यदि त्यस्तो कुनै एक स्थानीय तहमा कर बुझाएको भरपर्दो र विश्वासिलो आधार देखिने रसिद/विजक भएमा र कर बुझाईसकेको रसिद/विजकको दुरुपयोग नभएको भन्नेमा सम्बन्धित बाटो/रुटमा पर्ने स्थानीय तह सन्तुष्ट भएमा अन्य त्यस्ता बाटो/रुटमा पर्ने स्थानीय तहहरुले त्यस्तो कर लिन पाउने देखिदैन। एक स्थानमा त्यस्तो कर भुक्तानी भएको रेकर्ड र त्यस्को जानकारी सम्बन्धित बाटो/रुटमा पर्ने स्थानीय तहहरुलाई अग्रीम रुपमा जानकारी गराउने, जारी भएको रसिद/विजक बमोजिमका मालसामानहरु सवारी साधनमा रहने अवधि, सवारी साधनको

नम्बर, चालकले कर भुक्तानी गरेको रसिद, सामग्रीको वजनको सम्बन्धमा स्थानीय तहहरु उपयुक्त हुने गरी कर प्रणालीको विकास गर्न नेपाल सरकारलाई ध्यानाकर्षण गराई आवश्यक कार्यार्थ नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई प्रस्तुत आदेशको प्रति सहित लेखी पठाउने ठहर्छ।

२२. प्रस्तुत आदेशको जानकारी प्रत्यर्थीहरुलाई दिई आदेशको प्रति विद्युतीय प्रणालीमा प्रविष्ट गरी निवेदन दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई नियमानूसार गर्नू।

सुनिल कुमार पोखरेल

न्यायाधीश

उक्त रायमा सहमत छु।

हरिप्रसाद फुयाल

न्यायाधीश

इजलास अधिकृतः रोदिप सुनाम

कम्प्युटर अपरेटरः शंकर गुरुङ्ग

इति सम्वत् २०८१ साल भदौ ३१ गते रोज २ शुभम् ......................१